# लागु औषध नियन्त्रण ब्युरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३
प्रेस विज्ञप्ति नं. : ४१२

मिति: २०८३।०३।०१ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

**Farmhouse को आवरणमा लागु औषध ट्रामाडोलको कारोवार, ठूलो परिमाण सहित १३ जना पक्राउ।**

Farmhouse लगायत लागु औषध कारोवार हुन सक्ने उच्च जोखिमपूर्ण स्थानहरुको निग्रानी गर्ने क्रममा काठमाण्डौको टोखा र चन्द्रागिरीमा Farmhouse सञ्चालन गर्दै आएका ब्यक्तिहरुले भारत तर्फबाट लागु औषध खरिद गरी ल्याई आफ्नो Farmhouse परिसरको जमिनमा खाडल भित्र लुकाई संञ्चय गरी राखी माग बमोजिम बजारमा बिक्री गर्दै आएका निम्न उल्लेखित ब्यक्तिहरुलाई मिति २०८३।०२।२७ गते देखी मिति २०८३।०२।३१ गते सम्म निम्न परिमाणको लागु औषध सहित पक्राउ गरिएको।

निम्न :-

❖ पक्राउ प्रतिबादीहरुको विवरण :-

१. जिल्ला नुवाकोट किस्पाङ गा.पा वडा न. २ ठेगाना भएका बर्ष २२ को निमा तामाङ।
२. जिल्ला नुवाकोट किस्पाङ गा.पा वडा न. २ ठेगाना भएका बर्ष २३ को बिक्रम लामा।
३. जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा न. ७ ठेगाना भएका बर्ष २९ को सागर बुढाथोकी।
४. जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. वडा न. ४ ठेगाना भएका बर्ष ४५ को उद्धव श्रेष्ठ।
५. जिल्ला भक्तपुर चाँगुनारायण न.पा.वडा न.७ ठेगाना भएका बर्ष २७ को बिकास काफ्ले।
६. जिल्ला सिन्धुली फिक्कल गा.पा. वडा न. ४ ठेगाना भएका बर्ष ३२ की माया विशङ्खे।
७. जिल्ला कालिकोट पलता गा.पा. वडा न. ३ ठेगाना भएका बर्ष २६ को खड्क रोकया।
८. जिल्ला कालिकोट पलता गा.पा.वडा न. ३ ठेगाना भएका बर्ष २७ की कमला थामी।
९. जिल्ला बाजुरा स्वामिकार्तिक खापर गा.पा. वडा न. १ ठेगाना भएका बर्ष २९ की मेनुका थामी।
१०. जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा. वडा न. ७ ठेगाना भएका बर्ष ३४ को प्रदिप भन्ने सञ्जय साह सोनार।
११. जिल्ला पर्सा बहुदरमाई न.पा. वडा न. ९ ठेगाना भएका बर्ष ३६ को प्रमोद प्रसाद कलवार।
१२. जिल्ला काठमाडौँ का.म.न.पा. वडा न. १६ ठेगाना भएका बर्ष ४० की मोनिका श्रेष्ठ।
१३. जिल्ला काठमाडौँ का.म.न.पा. वडा न. ७ ठेगाना भएका बर्ष २९ की सुशिला महर्जन।

❖ बरामद दशी (सामान) को बिबरण :

१. नियन्त्रित लागु औषध ट्रामाडोल २,०९,००० (दुई लाख नौ हजार) क्याप्सुल।
२. नियन्त्रित लागु औषध बुप्रेनोर्फिन, डाईजेपाम र फेनारगन २,४०० एम्पुल।
३. नगद रू ७,८७,५००।– (सात लाख सत्तासी हजार पाँच सय रुपैया)।
४. बिभिन्न कम्पनीको मोवाईल थान २८।

नोट :- पक्राउ प्रतिवादीहरु उपर यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।

प्रवक्ता/ सूचना अधिकारी
(दुर्गा राज रेग्मी)
प्रहरी उपरीक्षक